# ढकारी गाउँपालिका

## ढकारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक,२०८३ (मस्यौदा)

**ढकारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

ढकारी, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## ढकारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक,२०८३

**प्रस्तावनाः** ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर,शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य राजस्व संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ बमोजिम ढकारी गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "ढकारी गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।
   (२) यो ऐन २०८३ साल श्रावण १ गते देखि ढकारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
२. **सम्पति कर :**गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम एकीकृत/सम्पत्ती कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।
३. **भूमी कर (मालपोत ):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची २ वमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।
४. **घरजग्गा वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।
५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।
६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।
७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।
८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।
९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।
१०. **बहाल भिटौरी शुल्कः**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गा मा अनुसूची ९ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।
११. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।
१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफटिङ्ग शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची ११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वयिक सम्पदा उपयोग गरे बापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुट/तथा जरिवानाः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची १४ बमोजिम कर छुट दिईने छ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची -१
दफा २ सँग सम्बन्धित
### सम्पत्ति कर

| क्र.सं | आ.ब. | मूल्य देखि | मूल्य सम्म (रु.) | कर (रू) | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८२/०८३ | १ रुपैया | ५ लाख | ५०.००० | एकमुष्ट |
| २. | २०८२/०८३ | ५ लाख १ रुपैया | २० लाख | १०.००० | प्रति लाख |
| ३. | २०८२/०८३ | २० लाख १ रुपैया | ५० लाख | २०.००० | प्रतिलाख |
| ४. | २०८२/०८३ | ५० लाख १ रुपैया | १ करोड | २५.००० | प्रतिलाख |
| ५. | २०८२/०८३ | १ करोड १ रुपैया | २ करोड | ३०.००० | प्रतिलाख |
| ६. | २०८२/०८३ | २करोड १ रुपैया | ५ करोड | ३५.००० | प्रतिलाख |
| ७. | २०८२/०८३ | ५ करोड १ रुपैया | ९९ अरब ९९ करोड ९९ लाख ९९ हजार ९ सय ९९ रुपैया | ४०.००० | प्रतिलाख |

## अनुसूची -२
दफा ३ सँग सम्बन्धित
### भूमि/मालपोत कर

| जग्गाको वर्ग | दर प्रति रोपनी रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| क.(मुख्य व्यापारिक क्षेत्र) | ७०।- | वार्षिक १० प्रतिशत जरिवाना | विगतका वर्षहरुको बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| क.१(अन्य व्यापारिक क्षेत्र) | ४०।- | | |
| ख(कृषि क्षेत्र) पाखो जग्गा | १०।- | | |
| ग(खोला खेत) | १५।- | | |
| घ(पाखो खेत) | ८।- | | |
| ङ (भिरपाखो तथा वर्ग नखुलेका) | ५।- | | |

## अनुसूची -३

दफा ४ सँग सम्बन्धित

**घर जग्गा वहाल कर**

| सि.नं | विवरण | आ.व.२०८३/८४ (रु.) | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर (आम्दानीको) | १० प्रतिशत | |
| २. | १० व.मि. - २० व.मिटर | २,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ३. | २१ व.मि. – ३५ व. मिटर | ३,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ४. | ३६ व. मि – ६० व.मिटर | ५,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ५. | ६१ व.मिटर – १०० व. मिटर | ७,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |

## अनुसूची -४

दफा ५ सँग सम्बन्धित

**व्यवसायिक कर वार्षिक**

| सि.नं. | विवरण | आ.व. २०८३/८४ (रु.) | कैफियत |
|---|---|---|---|
| १. | चिया नास्तासाना किराना सामान्य कष्मेटिक पसल | १०००/- | |
| २. | रेष्टुरेण्ट लज एण्ड होटल | ५०००/- | |
| ३. | सामान्य होटल | २५००/- | |
| ४. | मासु पसल | २०००/- | |
| ५. | मदिरा डिलर | ८०००/- | |
| ६. | मदिरा खुद्रा | ३५००/- | |
| ७. | किराना पसल खुद्रा | १०००/- | |
| ८. | किराना पसल थोक | ३०००/- | |
| ९. | तयारी पोशाक पसल | २०००/- | |
| १०. | काचो कपडा पसल | २०००/- | |
| ११. | तयारी पोशाक/काचो कपडा पसल/फेन्सी पसल | ३०००/- | |
| १२. | स्टेशनरी तथाखेलकूद सामग्री पसल | २५००/- | |
| १३. | ब्यूटी पार्लर | १०००/- | |
| १४. | हेयर कटिङ्ग सेन्टर | १०००/- | |
| १५. | भाँडा पसल | २५००/- | |

| | | | |
|---|---|---|---|
| १६. | हार्डवेयर पसल | ८०००/- | |
| १७. | मोटरसाइकल वर्कसप | ५०००/- | |
| १८. | सामान्य औषधी पसल | २०००/- | |
| १९. | ल्याव एक्सरे सहितको मेडिकल | ३०००/- | |
| २०. | सुनचाँदी पसलसानो (२ लाख भन्दा कम पूँजी भएको) | ३०००/- | |
| २१. | सुनचाँदी पसल ठूलो (२ लाख भन्दा बढी पूँजी भएको) | ४०००/- | |
| २२. | गल्ला खरिद पसल(( धान, मकै, गहुँ, कोदो, भटमास, दलहन, तेलहन बाली,नगदे बाली ) | १०००/- | |
| २३. | सिलाइ सेन्टर लेडिज मात्र | ७००/- | |
| २४. | सिलाइ सेन्टर लेडिज तथा जेन्स सबै | २०००/- | |
| २५. | निर्माण व्यवसायिक कर "क" वर्ग | ३०,०००/- | |
| २६. | निर्माण व्यवसायिक कर "ख" वर्ग | २५,०००/- | |
| २७. | निर्माण व्यवसायिक कर "ग" वर्ग | २०,०००/- | |
| २८. | निर्माण व्यवसायिक कर "घ" वर्ग | ५,०००/- | |
| २९. | फर्निचर उद्योग/व्यवसाय भ्याट दर्ता | १०,०००/- | |
| ३०. | फर्निचर उद्योग/व्यवसाय (PAN नम्बर भएको सामान्य) | ५०००/- | |
| ३१. | चिरानी हाते आराले | १५००/- | |
| ३२. | मेसिन चिरानी | ५०००/- | |
| ३३. | खाद्य उद्योग पाउरोटी,चाउमिन चाउँचाउँ | १५००/- | |
| ३४. | लघु जलविद्युत प्रति किलो वाट | ३००/- | |
| ३५. | कुटानी पिसानी पेलानी मिल | २०००/- | |
| ३६. | क्रसर उद्योग | ३०,०००/- | |
| ३७. | अन्य उद्योग (२० लाख माथी पूजी) | १५,०००/- | |
| ३८. | ट्याक्टर पटके | १०००/- | |
| ३९. | इट्टा टायल उद्योग | ७०००/- | |
| ४०. | नदीका माछा मार्ने/बेच्ने पसल | १०००/- | |
| ४१. | सिलेट पत्थर निकासी प्रति गोटा | २/- | |
| ४२. | पशु व्यवसाय फर्म दर्ता | ५००/- | |
| ४३. | पशु व्यवसाय प्रतिगोटा | ५०/- | |
| ४४. | खसी बोका निकासि वार्षिक(व्यवसायिक रुपमा) | १०,०००/- | |
| ४५. | खसी, बोका, बाख्रा खरिद निकासि (प्रति गोटा) | ५०/- | |
| ४६. | टपरी उद्योग/ अचार/ दालमोठ/चिप्स | ५००/- | |
| ४७. | मोबाइल घुम्ती पसल (दैनिक/मासिक) | १०००/- | |
| ४८. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती दैनिक/मासिक | १०००/- | |
| ४९. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती बार्षिक | ५०००/- | |

| | | | |
|---|---|---|---|
| ५०. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती दैनिक/मासिक | ५००/- | |
| ५१. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती वार्षिक | २०००/- | |
| ५२. | मुढा/डोको/ काठका भाडा घुम्ती पसल वार्षिक | ५००/- | |
| ५३. | ट्युसन सेन्टर | ५०००/- | |
| ५४. | मोवाइल पसल (मर्मत, विक्रि) | २०००/- | |
| ५५. | घडी रेडियो पसल (मर्मत, विक्रि) | १५००/- | |
| ५६. | विद्युतीय सामानविक्री पसल (इलेक्ट्रोनिक्स) | २०००/- | |
| ५७. | कम्प्युटर इन्सिच्युट | ५०००/- | |
| ५८. | फोटोकपी प्रिन्ट | १०००/- | |
| ५९. | अपसेट प्रेस ,मुद्रण | ५०००/- | |
| ६०. | ;MLDN SF& LR/FGL | ४५००/- | |
| ६१. | **विशेष परामर्शतथा अन्य व्यवसायिक सेवा** | | |
| ६२. | चिकित्सक | १५००/- | |
| ६३. | कविराज बैद्य | १५००/- | |
| ६४. | इन्जिनियर | १५००/- | |
| ६५. | कानुनव्यवसायि | १५००/- | |
| ६६. | लेखा परीक्षक | २०००/- | |
| ६७. | दन्त चिकीत्सक | १५००/- | |
| ६८. | अनुसन्धानकर्ता र परामर्श दाता | १०००/- | |
| ६९. | पशु चिकित्सक | १०००/- | |
| ७०. | विमा एजेन्ट | १०००/- | |
| ७१. | घर नक्सा डिजाइन गर्ने कन्सलटेन्सी | ५०००/- | |
| ७२. | फोटोग्राफी/भिडियो रेकडर | २०००/- | |
| ७३. | एफएम रेडियोस्टेशन | ५०००/- | |
| ७४. | **सवारी साधनप्रवेश शुल्क(पट्के)** | | |
| ७५. | बस | १००/- | |
| ७६. | टिप्पर/ट्रक | १००/- | |
| ७७. | ट्रयाक्टर | १००/- | |
| ७८. | जीप | १००/- | |
| ७९. | कुखुरा पालन ५०० सम्म व्यवसाय दर्ता | ५००/- | |
| ८०. | कुखुरा पालन५०१-१००० सम्म | १०००/- | |
| ८१. | बाख्रा पालन व्यवसाय दर्ता भएका ५० सम्म | १०००/- | |
| ८२. | बाख्रा पालन व्यवसाय दर्ता भएका ५० देखि माथि | १५००/- | |
| ८३. | फलफुल/तरकारी पसल खुद्रा | ५००/- | |
| ८४. | फलफुल/तरकारी पसल थोक | २०००/- | |
| ८५. | रिटेल पसल ट्याक्टर/जीप बाट बेच्ने) | ५०००/- | |
| ८६. | सिरक डसना बनाउने बार्षिक | २०००/- | |
| ८७. | कृषि फर्म | ५००/- | |

| | | | |
|---|---|---|---|
| ८८. | होजीयारी हाते | ५००/- | |
| ८९. | मेसिन होजीयारी | १०००/- | |
| ९०. | Handcaraft | ५००/- | |
| ९१. | डोको बजार मासिक | ५००/- | |
| ९२. | आरन/आफर | ५००/- | |
| ९३. | घट्ट | ५००/- | |
| ९४. | विभिन्न प्रकारका जडिबुटिको कारोबार गर्ने | १०००/- | |
| ९५. | पुजा सामाग्रि पसल | १०००/- | |
| ९६. | डेयरी (दुध तथा दुग्ध जन्य पदार्थको खुद्रा कारोवार गर्ने) | १०००/- | |
| ९७. | कृषि तथा पशुपन्छी समूह दर्ता | १००/- | |
| ९८. | कृषि तथा पशुपन्छी समूह नवीकरण | ५०/- | |

माथि उल्लेखित व्यावसाय बाहेकका विभिन्न सप्लायर्स तथा निर्माण सेवाको नाममा दर्ता भइ सकेका वा नयाँ दर्ता हुने कम्तिमा पाँचवटा सम्म कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट १५,०००/- र पाँच भन्दा बढी प्रकारको कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट २०,०००/- दर्ता शुल्क बाफत लिने र वार्षिक नवीकरण गर्दा दर्ता शुल्कको ५०% रकम लिई नवीकरण गर्ने ।

## अनुसूची ५
### दफा ६ सँग सम्बन्धित
### जडिबुटी, कवाडी जीवजन्तु कर

ऊन , जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबार गरे वापत प्रति ईकाई प्रति पटक रु.२०/- जडिबुटी र जीवजन्तु कर लाग्ने । कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु. २/-
ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु २/-
ग) स्टीलजन्य सामानकको लागि प्रति किलोग्राम रु. २/-
घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति गाडि रु.१००/-

**जडिबुटिको हकमा देहाय बमोजिम हुनेछ ।**

| क्र.स. | जडिबुटी | यस गा.पा.उत्पादन हुने प्रतिकेजी (रु.) | वाहिरबाटनिकासीको लागि आउने प्रतिकेजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | कटुकी प्रति केजी | १५/- | २/- | |
| २. | अत्तिस | २०/- | २/- | |
| ३. | जटामसि | १०/- | २/- | |
| ४. | चिराइतो | २०/- | २/- | |
| ५. | कालादाना | १०/- | २/- | |
| ६. | भूतकेश | ५/- | २/- | |
| ७. | गुच्ची च्याउ | ५०/- | २०/- | |

| | | | | |
|---|---|---|---|---|
| ८. | सिलाजित | १०/- | २/- | |
| ९. | काँकडशिलो | १०/- | २/- | |
| १०. | भोजपत्र | ५/- | २/- | |
| ११. | सुगन्धवाल | ५/- | २/- | |
| १२. | सुनपाते | ५/- | २/- | |
| १३. | विषजरा | १०/- | २/- | |
| १४. | पोडे | २०/- | २/- | |
| १५. | यार्सागुम्वा | - | ५०/- | |
| १६. | पदमचाल | ५/- | २ /- | |
| १७. | पाँच औले | २५/- | ५/- | |
| १८. | घोडामर्चा | ५/- | २/- | |
| १९. | सतुवा | ५०/- | २/- | |
| २०. | डालेचुक | १०/- | २/- | |
| २१. | धुपजडी | १०/- | २/- | |
| २२. | लौठसल्ला | १०/- | २/- | |
| २३. | रातो च्याउ | २०/- | २/- | |
| २४. | काठकोफुरु प्रति गोटा | १०/- | २/- | |
| २५. | धुपीसल्ला | २/- | २/- | |
| २६. | टिमुर | १०/- | २/- | |
| २७. | दालचिनी/तेजपत्ता | १०५/- | २/- | |
| २८. | सभय | १०/- | २/- | |
| २९. | जन्तीफूल | १०/- | २/- | |
| ३०. | चापीनु | १०/- | २/- | |

## अनुसूची ६

## दफा ७ सँग सम्बन्धित

## <u>सवारी कर</u>

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

## अनुसूची ७

## दफा ८ सँग सम्बन्धित

## <u>विज्ञापन कर</u>

<u>क) विज्ञापन कर निम्नानुसार हुने:</u>

१) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन ।

२) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइने छैन ।

३) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्बिर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

४) भवन, जमिन, व्यापारिक वा व्यावसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामग्रीमा विज्ञापन कर छुट नहुने ।

५) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा ढकारी गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन ।

<u>ख) विज्ञापनको करको दर:</u>

१) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु २०/-

२) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु ३०/-

३) भित्तेलेखन प्रति स्क्वायर फिट रु १५/-

४) विद्युत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु २५०/-

५) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु ४००/- र सो भन्दा माथीको लागि रु ६००/-

६) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु. १०/-

७) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु.२०/- यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाइनेछ, त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ ।

८) मालवाहक सवारी साधनको दायाँबायाँ पट्टिको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु ५०/- र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु. २५/-

९) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु.५०/-

१०) अन्यको हकमा प्रति वर्ग फुट प्रति वर्ष रु.१००/-

## अनुसूची ८
## दफा ९ सँग सम्बन्धित
## <u>मनोरन्जन कर</u>

१. मेला जात्रा तथा महोत्सव शुल्क रु . १०००/- (आयोजकले तिर्ने )

२. तिन महिना भन्दा बढी जादु, सर्कस, मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गरे वापत मासिक रु.१५००/-

## अनुसूची ९
## दफा १० सँग सम्बन्धित
## <u>बहाल भिटौरी शुल्क</u>

| क्र.सं. | शुल्लको नाम | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | बहाल विटौरी शुल्क | टहरो छाप्रो | ५०/- (मासिक) | |
| | | घुम्ती | ५०/- (मासिक) | |

| | | | | |
|---|---|---|---|---|
| | | ठेला मासिक | ५०/- (मासिक) | |
| | | हाटबजार वार्षिक ठेक्का | - | |

## अनुसूची १०
## दफा ११ सँग सम्बन्धित
## पार्किङ्ग शुल्क

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बहिर्गमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने ।

यस सम्बन्धी पार्किङ्ग शुल्क लिने व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| १. | बस, ट्रक,ट्याक्टर प्रतिदिन | रु.१००/- | |

## अनुसूची ११
## दफा १२ सँग सम्बन्धित
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार र्याफ्टिङ्ग शुल्क

यस सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची १२
## दफा १३ सँग सम्बन्धित
## सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | चालू आ.व. २०८३/०८४ (रु.) | कैफियत |
|---|---|---|---|
| १. | LGJ]BG B:T'/ | रु १० को टिकट | |
| २. | सिफारिस दस्तुर | 100/- | |
| ३. | अङ्गेजीमा गरिने सबै सिफारिस | 200/- | |
| ४. | नेपालीमा गरिने तपसिलका सिफारिसहरुको दस्तुर | | |
| ५. | नागरिकता सिफारिस दस्तुर | १००/- | |
| ६. | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | १००/- | |
| ७. | नाता प्रमाणित दस्तुर | १००/- | |
| ८. | नाता कायम दस्तुर | १००/- | |
| ९. | पारिवारिक विवरण दस्तुर | १००/- | |
| १०. | बसोबास प्रमाणित दस्तुर | १००/- | |
| ११. | नाबालक सिफारिस दस्तुर | १००/- | |
| १२. | जन्म मिति प्रमाणित दस्तुर | १००/- | |

| | | | |
|---|---|---|---|
| १३. | वैवाहिक सम्बन्ध प्रमाणित दस्तुर | १००/- | |
| १४. | अविवाहित प्रमाणित दस्तुर | १००/- | |
| १५. | व्यक्तिगत प्रमाणित दस्तुर | १००/- | |
| १६. | चारित्रिक प्रमाणित दस्तुर | १००/- | |
| १७. | सम्बन्ध विच्छेद प्रमाणित दस्तुर | १००/- | |
| १८. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि प्रथम पटक | १००/- | |
| १९. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि दोस्रो पटक देखी | ५००/- | |
| २०. | IEMIS विलम्ब शुल्क | 500/- | |
| २१. | व्यवसाय बन्द तथा नाम परिवर्तन शुल्क | ५००/- | |
| २२. | वडा सरजमिन मुचुल्का | १००/- | |
| २३. | अन्य वडा सिफारिसहरु | 100/- | |
| २४. | पटके सिफारिस दस्तुर | ३००/- | |
| २५. | K^S] सिफारिस दोहोरो प्रतिलिपी | ५००/- | |
| २६. | पिछडिएको क्षेत्र सिफारिस दस्तुर | १००/- | |
| २७. | खाता सञ्चालन सिफारिस दस्तुर | ३००/- | |
| २८. | खाता बन्द सिफारिस दस्तुर | ५००/- | |
| २९. | संघ/प्रदेश तथा अन्य संस्थासँग योजना माग सिफारिस | १००/- | |
| ३०. | ऐनमा उल्लेख नभएका गाउँपालिकाले गर्ने अन्य सिफारिस | १००/- | |
| ३१. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २००/- | |
| ३२. | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | १००/- | |
| ३३. | उजुरी निवेदन दस्तुर | १००/- | |
| ३४. | मिलापत्र दस्तुर | १०००/- | |
| ३५. | जग्गा दर्ता वा नामसारी सिफारिस प्रति रोपनी | १००/- | |
| ३६. | राजिनामा, बकसपत्र | ५००/- | |
| ३७. | घरबाटो सिफारिस एक कित्ता | २००/- | |
| ३८. | घरबाटो सिफारिस थप प्रति कित्ता | १००/- | |
| ३९. | अमिन खटन दस्तुर | 3000/- | |
| ४०. | घर नक्सा नामसारी | ५००/- | |
| ४१. | घर जग्गा मूल्याङ्कन एक लाख सम्मको | 500/- | |
| ४२. | घर जग्गा मूल्याङ्कन थप प्रति लाखको | २००/- | |
| ४३. | नक्सापास फारम दस्तुर | ५००/- | |
| ४४. | आय स्रोत प्रमाणित दस्तुर | १००/- | |
| ४५. | सामुदायिक विद्यालय सञ्चालन अनुमति दस्तुर | ५,०००/- | |
| ४६. | सामुदायिक विद्यालय कक्षा थप अनुमति दस्तुर | २,५००/- | |
| ४७. | संस्थागत विद्यालय सञ्चालन अनुमति दस्तुर (बोर्डिङ्ग) | २०,०००/- | |
| ४८. | संस्थागत विद्यालय कक्षा थप अनुमति दस्तुर (बोर्डिङ्ग) | १०,०००/- | |
| ४९. | संस्थागत विद्यालय ठाउँ सारी दस्तुर (बोर्डिङ्ग) | २५००/- | |

| | | | |
|---|---|---|---|
| ५०. | व्यक्तिगत घटना दर्ता तथा प्रतिलिपि | (सङ्घीय कानून बमोजिम) | |
| ५१. | नामथर जन्ममिति संशोधन सिफारिस | १००/- | |
| ५२. | व्यवसाय दर्ता दस्तुर ( रु ५ लाख सम्म) | ५००/- | |
| ५३. | व्यवसाय दर्ता दस्तुर ( रू ५ लाख माथि) | १०००/- | |
| ५४. | घर खाली गराउदा प्रति दिन प्रतिकोठा | ६५/- | |
| ५५. | प्रतिलिपि सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रतिलिपि | १००/- | |
| ५६. | फर्निचर/काष्ट उद्योग सिफारिस | १००/- | |
| ५७. | मुहान दर्ता दस्तुर | १५००/- | |
| ५८. | मुहान दर्ता नवीकरण | ५००/- | |
| ५९. | नक्सा पास ( भुइँ तला) | १०/- प्रति वर्ग फुट | |
| ६०. | नक्सा पास ( माथिल्लो तला) | ५ /-प्रति वर्ग फुट | |
| ६१. | काठ निकासी सिफारिस | १००००/- | |
| ६२. | माछा मार्ने अनुमति खोला | १००/- | |
| ६३. | ढुङ्गा निकासी अनुमति पत्र ( प्रति घ.मि.) | १५०/- | |
| ६४. | गैर सरकारी संस्था दर्ता सिफारिस ( गाउँपालिकामा मूख्य कार्यालय रहने गरी) | ३०००/- | |
| ६५. | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस ( गाउँपालिकामा मुख्य कार्यालय रहने गरी | ७०००/- | |
| ६६. | विद्युत जडानका लागि सिफारिस | २००/- | |
| ६७. | रोहवरमा वसी कामकाज गरेको न्युनतम (मुचुल्का) | ३००/- | |
| ६८. | टेलिफोन नेटवर्क टावर अनुमति/ सिफारिस | ८०००/- | |
| ६९. | लघुवित्त कम्पनी दर्ता/ सूचीकरण | ५०००/- | |
| ७०. | सहकारी संस्था दर्ता अनुमति | १०००/- | |
| ७१. | बैंक तथा वित्तीय संस्था "क" वर्ग दर्ता/ अनुमति | १५,०००/- | |
| ७२. | बैंक तथा वित्तीय संस्था "ख" वर्ग दर्ता/अनुमति | १०,०००/- | |
| ७३. | बैंक तथा वित्तीय संस्था "ग" वर्ग दर्ता/अनुमति | ८०००/- | |
| ७४. | बैंक तथावित्तीय संस्था "घ" वर्ग दर्ता/ अनुमति | ८०००/- | |
| ७५. | घरजग्गा कारोवार प्रति आना सिफारिस | १००/- | |
| ७६. | पेट्रोल डिजेल ड्रममा विक्री गर्ने सिफारिस | २०००/- | |
| ७७. | पशु सेवा नाम दर्ता शुल्क | २०/- | |
| ७८. | व्यवसायिक गाडी/जीप/ट्र्याक्टर सूचीकृत | १५००/- | |
| ७९. | गाउँपालिकाको नियम बमोजिम दर्ता हुने संस्थाको दर्ता दस्तुर | १०००/- | |
| ८०. | गाउँपालिकाको नियम बमोजिम दर्ता भएका संस्थाको नवीकरण दस्तुर | ५००/- | |
| ८१. | स्थायी लेखा नम्बरको (प्यान नं.) लागि सिफारिस दस्तुर | १००/- | |
| ८२. | सामुदायिक वन उपभोक्ता समूह सूचीकरण/दर्ता दस्तुर | वार्षिक आयको १०% | |
| ८३. | सामुदायिक वनबाट खोटो निकासी गर्ने | खरिद गरेको रकमको १०% | |

| | | | |
|---|---|---|---|
| | व्यक्ति/संस्थाको खोटो निकासी दस्तुर | | |
| ८४. | आँखा उपचार केन्द्र सेवा शुल्क दस्तुर | १००/- | |
| ८५. | **गाउँपालिकाको ईन्जिनियरिङ्ग सामाग्री सेवा शुल्क दस्तुर** | | |
| | टि.एस. मेसिन | ५,०००/- (दैनिक) | |
| | लेभलिङ्ग मेसिन | ३,०००/- (दैनिक) | |
| | जि.पि.एस. | १,०००/- (दैनिक) | |
| | **गाउँपालिकाको जे.सि.बि. सञ्चालन सेवा शुल्क दस्तुर** | | |
| | जे.सि.बि. मा गाउँपालिकाले तेल हालेर | ४,०००/- प्रति घण्टा | |
| | जे.सि.बि. मा गाउँपालिकाले तेल नहालेर | २७००/- प्रति घण्टा | |
| | जे.सि.बि. ब्रेकर सहित तेल हालेर | ५,८५०/- प्रति घण्टा | |
| | जे.सि.बि. ब्रेकर सहित तेल नहालेर | ४,०००/ प्रति घण्टा | |
| ८६. | ब्रेकर मात्र भाडामा लिए | ५,८५०/- प्रति दिन | |
| ८९. | **एम्बुलेन्स सेवा शुल्क दस्तुर** | | |

**ढकारी गाउँपालिकाले सञ्चालन गरेको एम्बुलेन्सको भाडादर (ढकारी गाउँपालिका भित्र)**

| क्र.सं. | स्थान (देखि) | स्थान (सम्म) | आ.व. २०८३।८४ को स्वीकृत भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं. १, डुफा | ८०० | |
| २ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.१, रिमा | ८०० | |
| ३ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.१, डडिडाँडा | ८०० | |
| ४ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.१, नन्दपुर | ६०० | |
| ५ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.१, बाससल्ला | २९०० | |
| ६ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.१, राउलासैन | १२०० | |
| ७ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.२, हिच्मा | ८०० | |
| ८ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.२, साँवा | १२०० | |
| ९ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.२, चाईरा | १७५० | |
| १० | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.२, फाटाबगर | १४०० | |
| ११ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.३, चोईखाली | ६०० | |
| १२ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.३, ताली | ७०० | |
| १३ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.३, ठूलासैन | १२०० | |
| १४ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.३, दाउनामोरा | १४०० | |
| १५ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.३, कापडा | १२०० | |
| १६ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.४, बलाता | ३५०० | |
| १७ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.४, धौला | ४१०० | |
| १८ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.४, दाउनामोरा | १७५० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.४, भिरमोड | ४१०० | |
| २० | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.५, मैकाडाँडा | २९०० | |
| २१ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.५, ज्ञानमन्दिर | ३५०० | |
| २२ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.५ बास्कोट/तिखान | २३५० | |
| २३ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, गल्बाल | ८०० | |
| २४ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, ढुङ्गाचाल्ना | १७५० | |
| २५ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, अमगाउँ | ३५०० | |
| २६ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, मैथुम | २००० | |
| २७ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, टटाली | ४१०० | |
| २८ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.६, शेरा | २१०० | |
| २९ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.७, रुज | १२०० | |
| ३० | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.७, टिमु | १७५० | |
| ३१ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.७, थारा | १७५० | |
| ३२ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.७, कसाती | १४०० | |
| ३३ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.८, घोडासैन | १७५० | |
| ३४ | ढकारी गाउँपालिकाको कार्यालय | वडा नं.८, पैयाँसैन | १७५० | |

**ढकारी गाउँपालिकाले सञ्चालन गरेको एम्बुलेन्सको भाडादर (अछाम भित्रका अन्तर स्थानीय तह भित्रको)**

| क्र.सं. | स्थान (देखि) | स्थान (सम्म) | आ.व. २०८३।८४ को स्वीकृत भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | ढकारी गाउँपालिकाको कार्यालय | कमलबजार | ४१०० | |
| २ | ढकारी गाउँपालिकाको कार्यालय | तुर्माखाँद | ४,७०० | |
| ३ | ढकारी गाउँपालिकाको कार्यालय | पञ्चदेवल-बिनायक | ५२५० | |
| ४ | ढकारी गाउँपालिकाको कार्यालय | मंगलसैन | ७,००० | |
| ५ | ढकारी गाउँपालिकाको कार्यालय | रामारोशन | १५,२०० | |
| ६ | ढकारी गाउँपालिकाको कार्यालय | बान्निगढी-जयगढ | ८७५० | |
| ७ | ढकारी गाउँपालिकाको कार्यालय | बयालपाटा | ९३५० | |
| ८ | ढकारी गाउँपालिकाको कार्यालय | साफेबगर | ९७०० | |
| ९ | ढकारी गाउँपालिकाको कार्यालय | मेल्लेख | १५२०० | |
| १० | ढकारी गाउँपालिकाको कार्यालय | चौरपाटी | ११७०० | |

**ढकारी गाउँपालिकाले सञ्चालन गरेको एम्बुलेन्सको भाडादर (अन्तर जिल्लाको)**

| क्र.सं. | स्थान देखि | स्थान सम्म | आ.व. २०८३।८४ को स्वीकृत भाडादर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ढकारी गा.पा. | सुर्खेत | १७,५५० | उक्त दर हालको इन्धन मूल्य अभिवृद्धिको आधारमा तय गरिएको हो । हालको इन्धन मूल्य परिमार्जन भएको अवस्थामा स्वचालित रुपमा भाडादर कायम गरिनेछ । |
| २ | ढकारी गा.पा. | नेपालगञ्ज बाकेँ | २१,००० | |
| ३ | ढकारी गा.पा. | डोटी | १५,७०० | |
| ४ | ढकारी गा.पा. | डडेल्धुरा | १८७०० | |
| ५ | ढकारी गा.पा. | धनगढी कैलाली | २५७०० | |
| ६ | ढकारी गा.पा. | महेन्द्रनगर | २५७०० | |
| ७ | ढकारी गा.पा. | बुटवल | ३४००० | |
| ८ | ढकारी गा.पा. | चितवन | ४२,००० | |
| ९ | ढकारी गा.पा. | काठ्माडौं | ४८,००० | |
| १० | मंगलसेन न.पा. | सुर्खेत | १६,४०० | |
| ११ | मंगलसेन न.पा. | नेपालगञ्ज बाँके | २०,००० | |
| १२ | मंगलसेन न.पा. | डडेलधुरा | ११,७०० | |
| १३ | मंगलसेन न.पा. | धनगढी | १८,७०० | |
| १४ | मंगलसेन न.पा. | महेन्द्रनगर | १८७००० | |
| १५ | मंगलसेन न.पा. | बुटवल | २९२०० | |
| १६ | मंगलसेन न.पा. | चितवन | ३८६०० | |
| १७ | मंगलसेन न.पा. | काठमाडौं | ४४,४०० | |
| ९०. | | स्वास्थ्य संस्थाबाट ल्याव सेवा प्रदान गरे वापत लाग्ने सेवा शुल्कका दरहरुः- | | |
| | क्र.सं. | सेवाको प्रकार | दर | |
| | क) | CBC, ESR | २०० | |
| | ख) | Blood Sugar | २५० | |
| | ग) | Blood Urea | १५० | |
| | घ) | Uric Acid | १५० | |
| | ङ) | Blood Bilirubin | २५० | |
| | च) | RA Factor | १५० | |
| | छ) | VDRL | १०० | |
| | ज) | WIDAL | १०० | |
| | झ) | Blood Group | ५० | |
| | ञ) | Semen Analysis | १५० | |

| | | | | |
|---|---|---|---|---|
| | ट) | Pregnancy Test | ५० | |
| | ठ) | Stool RE/ME | ५० | |
| | ड) | Urine RE/ME | ५० | |
| | ढ) | HBSAG | १५० | |
| | ण) | HB | १०० | |
| | त) | Dengue | ३५० | |
| | थ) | Scrub Typhus | २५० | |
| | द) | Nebulizer | ५० | |
| | ध) | Malaria | २०० | |
| | न) | H. Pyloric Test | १५० | |

## अनुसूची १३
## दफा १४ सँग सम्बन्धित
## पर्यटन प्रवेश शुल्क

- प्रति पर्यटक(आन्तरिक) एक पटकको लागि रु १००/-, सो को म्याद १५ दिनको लागि हुनेछ ।
- प्रति पर्यटक (वाह्य) एक पटकको लागि रु.५००।– सो को म्याद १५ दिनको लागि हुनेछ ।

## अनुसूची १४
## दफा १५ सँग सम्बन्धित
## कर छुट तथा जरिवाना सम्बन्धी व्यवस्था

- व्यवसाय करको हकमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा व्यवसाय नवीकरण गरेमा कुल रकमको १०% छुट प्रदान गरिने छ। चालु आ.व भन्दा एक वर्ष पहिले देखि व्यवसाय कर नतिर्ने करदाता लाइ १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा भन्दा पहिले तथा ४ वर्ष देखिको व्यवसाय कर तिर्न बाँकि करदातालाई वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ । ५ वर्ष वा सो भन्दा पहिले देखि व्यवसाय कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्ने छ ।
- सम्पति करको हकमा चालु आ.व.को कार्तिक मसान्त सम्म कर दाखिला गर्न आएमा कुल रकमको ५% छुट प्रदान गरिने । चालु आ.व भन्दा एक वर्ष पहिले देखि सम्पति कर नतिर्ने करदातालाई १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा पहिले तथा ४ वर्ष देखिको कर तिर्न बाँकी करदातालाई वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ । ५ वर्ष वा सो भन्दा पहिले देखि सम्पति कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्ने छ ।

- २ वा २ भन्दा बढी थारो भैसी तथा राँगाको निकासी गर्न निषेध गरिएको छ। यदी सो कार्य गरेको पाइएमा निकासी गर्ने व्यक्तिबाट जरिवाना स्वरुप रु ५०,०००/- (पचास हजार मात्र) लिइने छ ।

<u>अन्य राजश्व</u>

- न्यायिक दण्ड जरिवाना – प्राप्त दण्ड शुल्कको १० %
- फर्म , कन्सलटेन्सी (सुचीकृत)- रु १०००/-
- गाउँपालिकाको सभा हल भाडा – रु १,००० प्रति दिन
- ट्याक्टरबाट ढुङ्गा, गिट्टि, बालुवा निकासीः प्रति ट्रिप (ट्रालि) रु.८५०।–
- टिप्परबाट ढुङ्गा, गिट्टि, बालुवा निकासीः प्रति ट्रिप (ट्रालि) रु.१५००।-

.............................

प्रस्तावकः प्रकाश बहादुर साउद
सभा अध्यक्ष एवम् गाउँपालिका अध्यक्ष
ढकारी गाउँपालिका
मितिः २०८३।०३।१० गते